# नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं।
फोन नं.: ४४१९८०४/५
Web Site: www.nrb.org.np
पोष्ट बक्स:७३


पत्र संख्या: बै.वि.नि.वि./नीति/परिपत्र/३/०७९/८०

मिति: २०७९/०६/१४

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्था**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा यसैसाथ संलग्न तालिका बमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

भवदीय,

(डा. गुणाकर भट्ट)
कार्यकारी निर्देशक

**बोधार्थ :**

(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
(२) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार।
(३) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
(४) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग।
(५) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग।
(६) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
(७) श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग।
(८) श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा।
(९) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली।
(१०) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर।
(११) श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार।

## नेपाल राष्ट्र बैंकबाट “क”, “ख” र “ग” वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा संशोधनसम्बन्धमा

| क्र.सं. | इ.प्रा.निर्देशन नं. | एकीकृत निर्देशन २०७८ मा भएको विद्यमान व्यवस्था | एकीकृत निर्देशन २०७८ को संशोधित व्यवस्था |
|---|---|---|---|
| १. | इ.प्रा. निर्देशन नं. निर्देशन नं. २/०७८ को बुँदा नं. ३६मा संशोधन । | (१) यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले प्रवाह गर्ने चालु पुँजी प्रकृतिका कर्जा (अधिविकर्ष कर्जा, चालु पुँजी कर्जा, क्यास क्रेडीट कर्जा, डिमाण्ड लोन, ट्रष्ट रिसिप्ट कर्जा, अल्पकालीन कर्जा आदि र “क” वर्गका संस्थाको हकमा हाइपोथिकेसन कर्जा समेत) उपयोग गर्ने, ग्राहकहरुबाट हुने बहुबैंकिङ्ग (Multiple Banking) कारोवारलाई व्यवस्थित गर्न देहायको निर्देशन जारी गरिएको छ :-<br>(क) इजाजतपत्रप्राप्त संस्थाले कर्जा प्रवाह वा नवीकरण गर्नुपूर्व ग्राहकबाट अनिवार्य रुपले कर्जा कारोबार सम्बन्धी स्व:घोषणा ने.रा.बैंक निर्देशन फा.नं. २.६ बमोजिमको ढाँचामा लिई उक्त स्व:घोषणा अनुसारको विवरण र कर्जा सूचना केन्द्र लिमिटेडबाट प्राप्त विवरण भिडाई ग्राहकले लिएको कर्जा यकिन गर्नुपर्नेछ ।<br>(ख) इजाजतपत्रप्राप्त संस्थाले रु. १ करोड वा सो भन्दा बढी रकमको चालु पुँजी प्रकृतिका कर्जा प्रवाह तथा नवीकरण गर्दा देहाय बमोजिमका शर्त तथा बन्देजको अधीनमा रही गर्नु पर्नेछ ।<br>(अ) ग्राहकले एक भन्दा बढि इजाजतपत्रप्राप्त संस्थाबाट चालु पुँजी प्रकृतिका कर्जा उपयोग गर्ने/गरेको देखिएमा त्यस किसिमका कर्जा प्रवाह/नवीकरण गर्नुअघि उक्त ग्राहकलाई कर्जा प्रवाह गर्ने संस्थाहरु बीच एक आपसमा पारीपासु सम्झौता गर्नुपर्नेछ ।<br>त्यस्तो सम्झौतामा सम्बन्धित संस्थाले प्रवाह गर्ने कर्जा रकमको अंश, धितोको विवरण तथा ग्राहकले प्रदान गर्ने धितोमा सम्बन्धित संस्थाको स्वामित्वको अंश समेत | ३६ चालुपुँजी प्रकृतिका कर्जा सम्बन्धी व्यवस्था:<br>(क) बैंक तथा वित्तीय संस्थाले २०७९ कार्तिक १ गते देखि चालुपुँजी प्रकृतिका कर्जा प्रवाह, नवीकरण वा पुनरावलोकन गर्दा यस बैंकबाट जारी ‘चालू पुँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९’ बमोजिम गर्नु पर्नेछ ।<br>(ख) ‘चालूपुँजी कर्जा सम्बन्धी मार्गदर्शन, २०७९’ लागू हुनुपूर्व प्रदान गरिएका चालूपुँजी प्रकृतिका कर्जालाई मार्गदर्शनको पूर्ण पालना गरेर मात्र नवीकरण गर्न पाइने छ । मार्गदर्शनको पूर्ण पालना नगरी नवीकरण भएको पाइएमा उक्त कर्जामा शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ ।<br>तर, ‘चालूपुँजी कर्जा सम्बन्धी मार्गदर्शन, २०७९’ को बुँदा नं. ७ मा भएको Variance सम्बन्धी व्यवस्था मार्गदर्शन लागु भएको पहिलो वर्ष अनिवार्य हुनेछैन। |

| क्र.सं. | इ.प्रा.निर्देशन नं. | एकीकृत निर्देशन २०७८ मा भएको विद्यमान व्यवस्था | एकीकृत निर्देशन २०७८ को संशोधित व्यवस्था |
|---|---|---|---|
| | | खुलाउनु पर्नेछ । कथंकदाचित कर्जा असुली नभएमा अपनाइने कर्जा असुली, धितो लिलामी तथा विवाद समाधान सम्बन्धी व्यवस्था समेत उक्त सम्झौतामा उल्लेख गर्नु पर्नेछ ।<br>(आ) सम्बन्धित संस्थाले ग्राहकलाई प्रवाह गर्ने कर्जाको अंश निर्धारण गर्दा Stock तथा Receivables लाई आधार मानी प्रचलित कानुन तथा आफ्नो कर्जा नीतिमा रहेको प्रावधान बमोजिम कर्जा सीमा कायम गर्न सक्नेछन् ।<br>(इ) यस किसिमको बहुबैंकिङ्ग कारोबार गरी कर्जा उपभोग गर्ने ग्राहकहरुको विवरण ने.रा.बैंक निर्देशन फा.नं. २.५ बमोजिमको ढाँचामा सम्बन्धित सुपरिवेक्षण विभागमा त्रैमासिक रुपमा पेश गर्नु पर्नेछ ।<br>(ग) रु.१ करोड भन्दा कम रकमको चालु पुँजी प्रकृतिका कर्जा प्रवाह/नवीकरण गर्नु अघि समेत अन्य इजाजतपत्रप्राप्त संस्थाबाट त्यस्तो कर्जा लिए नलिएको यकिन गरी लिएको भएमा कर्जा दिने संस्थाबाट अनिवार्य रुपले No Objection Letter लिएर मात्र कर्जा प्रवाह/नवीकरण गर्नुपर्नेछ । साथै, No Objection Letter माग गरिएको संस्थाले सोसंग सम्बन्धित पत्र प्राप्त गरेको ५ कार्यदिनभित्र उपलब्ध गराउनु पर्नेछ । No Objection Letter उपलब्ध नगराउने भएमा सो सम्बन्धी जानकारी पत्र माग गर्ने संस्थालाई उपरोक्त समयावधिभित्र नै उपलब्ध गराउनु पर्ने छ ।<br>(२) बैंक तथा वित्तीय संस्थाले चालु पुँजी प्रकृतिका कर्जा प्रदान गरेको अवस्थामा सम्बन्धित ग्राहकबाट आफ्नो क्तयअप तथा च्मअभषखबदभिक को विवरण कम्तीमा प्रत्येक तीन/तीन | |

| क्र.सं. | इ.प्रा.निर्देशन नं. | एकीकृत निर्देशन २०७८ मा भएको विद्यमान व्यवस्था | एकीकृत निर्देशन २०७८ को संशोधित व्यवस्था |
|---|---|---|---|
| | | महिनामा प्राप्त गर्नु पर्नेछ । सो विवरण प्राप्त भए पछि इजाजतपत्रप्राप्त संस्थाले ग्राहकको Stock तथा Receivables को निरीक्षण गरी Stock तथा Ageing सहितको Receivables निरीक्षण प्रतिवेदन तयार गर्नुपर्नेछ र सो प्रतिवेदन बहुबैंकिङ्गको हकमा पारीपासुमा समावेश इजाजतपत्रप्राप्त संस्थाहरु बीच आपसमा आदान प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ । Stock तथा Receivables निरीक्षण गर्दा कुल कर्जा सीमाको लागि आवश्यक पर्ने Stock तथा Receivables को मूल्य कम हुन गएमा त्यस्तो ग्राहकको कर्जा सीमा पुनरावलोकन गरी नयाँ कर्जा सीमा कायम गर्नु पर्नेछ । प्रवाह भैसकेको रकम बढी देखिएमा सीमाभित्र ल्याउनु पर्नेछ ।<br><br>रु.२५ करोडभन्दा माथिको चालुपुँजी प्रकृतिका कर्जाहरु स्वीकृत तथा नवीकरण गर्दा सम्बन्धित ऋणीले पेश गरेको चालु सम्पत्ति तथा दायित्वका विवरणहरु लेखापरीक्षकवाट प्रमाणित गराउनु पर्नेछ ।<br><br>साथै Stock को धितोमा कर्जा प्रवाह गर्ने भएमा ऋण पूर्ण रुपमा सुरक्षित हुने गरी धितोमा रहेको सम्पत्तिको बीमा अनिवार्य रुपले गराउनु पर्नेछ । तर, बीमा आवश्यक नभएका Stock हरु जस्तै Iron Rod, Steel Billets, Bricks, Clinkerआदिहरुमा आगलागी, हुलदंगा, भूकम्प जस्ता जोखिमका लागि बीमा गर्न अनिवार्य हुने छैन ।<br><br>(३) ग्राहकको चालुपुँजी कर्जा सीमा निर्धारण गर्दा गतवर्षको लेखापरीक्षण भएको वित्तीय विवरण, कम्तीमा आगामी ३ वर्षसम्मको अनुमानित वित्तीय विवरण, ग्राहकले पेश गरेको व्यावसायिक योजना आदिको आधारमा गर्नु पर्नेछ । | |

# नेपाल राष्ट्र बैंकबाट "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा संशोधनसम्बन्धमा

| क्र.सं. | इ.प्रा.निर्देशन नं. | एकीकृत निर्देशन २०७८ मा भएको विद्यमान व्यवस्था | एकीकृत निर्देशन २०७८ को संशोधित व्यवस्था |
|---|---|---|---|
| | | तर पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न हुन बाँकी भएको स्पष्ट कारण सहित ग्राहकले त्यस्तो वित्तीय विवरण पेश हुन नसक्ने निवेदन दिएमा त्यस्तो वित्तीय विवरण पेश गर्न मनासिव माफिकको समय दिन सकिने छ र लघु, घरेलु तथा साना उद्योग/व्यवसायलाई रु. ५० लाखसम्मको चालु पुँजी प्रकृतिको कर्जा प्रवाह गर्दा अनुमानित वित्तीय विवरण लिन अनिवार्य हुने छैन ।<br>(४) इजाजतप्रत्रप्राप्त संस्थाले चालु पुँजी प्रकृतिका कर्जा प्रवाह गरे पश्चात् सो कर्जा सम्बन्धित प्रयोजनमा उपयोग भए नभएको यकीन गर्नु पर्नेछ ।<br>(५) "ख" र "ग" वर्गका वित्तीय संस्थाहरुले हाइपोथिकेशन कर्जा प्रवाह गर्न पाउने छैनन् । | |